मिति २०८२।०१।३० गतेको गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्तावहरु:

१) कक्षा १ को पाठ्यपूस्तक स्वीकृत गर्ने सम्बन्धमा।
२) १० बर्षे शिक्षा क्षेत्र योजना स्वीकृत सम्बन्धमा
३) छात्रवृति वितरण सम्बन्धमा।
४) विद्यालय पूस्तकालय तथा ICT (फिक्सिङ्ग किताव खरिद तथा इ-पुस्तकालाय समेत)
५) सैद्धान्तिक सहमती प्रदान गर्ने सम्बन्धमा।
६) संघीय शसर्त कार्यक्रम अन्तर्गत रैथाने वाली प्रबर्द्धन कार्यक्रम छनौट सम्बन्धमा।
७) एक पालिका एक नगदे वालीका लागि सिचाइ सहकार्य कार्यक्रमका लागि अनुदान निर्धारण सम्बन्धमा
८) लागत साझेदारी गर्ने सम्बन्धमा।
९) जग्गा नामसारीका लागि सिफारिस गर्ने।
१०) आर्थिक सहायता सम्बन्धमा।

निर्णयहरु:

१) प्रस्ताव नं. १ माथी छलफल गर्दा तुर्माखाँद गाउँपालिका गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार पालिका स्तरीय स्थानीय पाठ्यक्रम परिमार्जन तथा स्थानीय पाठ्यपुस्तक निर्माण मस्यौदा समितिले निर्माण गरी स्वीकृतिका लागि पेश गरेको कक्षा १ को पाठ्यपूस्तक स्वीकृत गर्ने निर्णय सर्व सम्मतले पारीत गरियो ।

२) प्रस्ताव नं. २ माथी छलफल गर्दा युनिसेफ र सामूदायिक बिकास केन्द्र डोटीको प्राबिधिक सहयोग र यस कार्यालयको सहजिकरणमा निर्माण भएको तुर्माखाँद गाउँपालिकाको १० बर्षे(२०८०।०८१ देखि २०८९।०९०) शिक्षा क्षेत्र योजनालाइ स्वीकृत गर्ने निर्णय सर्व सम्मतले पारीत गरियो ।

३) प्रस्ताव नं. ३ तुर्माखाँद गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राबिधिक तथा उच्च शिक्षा अध्ययनका लागि जेहेन्दार छात्रवृती वितरण कार्यक्रमको कार्यान्वयनका लागि कार्यबिधि बनाइ कार्यान्वयन गर्ने निर्णय सर्व सम्मतले पारीत गरियो

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद,अछाम
सुदुरपश्चिम प्रदेश,नेपाल
२०७३

४) प्रस्ताव नं. ४ माथी छलफल गर्दा नेपाल सरकारको शशर्त अनुदान अन्तर्गत बिद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रम शिर्षक अन्तर्गत तुर्माखाँद गाउँपालिकामा संचालित सामूदायिक बिद्यालयहरुमा पुस्तकालय तथा ICT व्यबस्थापन (फिक्सिङ, किताव खरिद, तथा पुस्तकालय समेत) प्रस्ताव माग गर्ने गरी ७ दिनको सूचना प्रकासन गर्ने निर्णय सर्व सम्मत पारित गरियो ।

५) प्रस्ताव नं. ५ यस तुर्माखाँद गाउँपालिकाको कार्यालयका लागि आवश्यक देहाय बमोजिमका नियमावली तथा कार्यविधिहरू निर्माणका लागि सैद्धान्ति सहमति प्रदान गर्ने निर्णय सर्व सम्मतले पारीत गरियो।

देहाय

१) कार्यविभाजन नियमावली
२) विपद् व्यवस्थापन कार्यविधि
३) गाउँपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रभाणिकरण सम्बन्धी कार्यविधि
४) संघ,संस्था,समिति र समूहलाइ आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धि कार्यविधि
५) वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
६) कार्य संचालन निर्देशिका
७) स्थानीय पुरष्कार वितरण कार्यविधि
८) राजस्व परामर्श समितिको कार्यसंचालन कार्यविधि

६) प्रस्ताव नं.६ माथि छलफल गर्दा संघीय शसर्त कार्यक्रम अन्तर्गत रैथाने बाली प्रबर्द्धन कार्यक्रम कार्यान्वयनका रैथाने वाली प्रबर्द्धन कार्यक्रम कार्यविधि,२०७५ बमोजिम उत्पादन,आपूर्ती तथा प्रविधि सम्बन्धि कार्यक्रम छनौट गरी सम्पूर्ण वडाहरुमा कार्यान्वयन गर्ने निर्णय सर्व सम्मतले पारीत गरीयो।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकार वित्तीय हस्तान्त्रण कार्यक्रम अन्तर्गत एक पालिका एक नगदे वालीका लागि सिचाइ सहकार्य अनुदान कार्यक्रम कार्यान्वयनका लागि लागत साझेदारी हुने गरी देहाय बमोजिमको अनुदान उपलब्ध गराउने निर्णय सर्व सम्मतले पारीत गरियो।

देहाय

क) समूह सहकारीको हकमा ७५%

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद,अछाम
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७३

ख) निजी तथा व्यवसायिक प्रयोजनका कृषी पूर्वाधारको हकमा ५०%

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा पर्यटन वोर्ड नेपालको प.सं.२०८१।०८२,च.नं. ४, मिति २०८१।१०।०७ गतेको प्राप्त पत्रानुसार पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत त्रीपुरा सुन्दरी तितौडा पर्यटकीय क्षेत्र पैदलमार्ग निर्माण तुर्माखाँद-८ का लागि रु ५००००० प्राप्त भएकोले सोको कार्यान्वयनका लागि पर्यटन पूर्वाधार कार्यक्रम कार्यान्वयन दिग्दर्शन,२०७९ अनुसार कुल लागतको २० प्रतिशतले हुन आउने रकम रु १००००० लागत साझेदारी गर्ने प्रतिबद्धता गर्ने निर्णय सर्व सम्मतले पारीत गरियो।

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा तुर्माखाँद गाउँपालिका वडा नं. २ बस्ने श्री मान बहादुर शाहीको नाममा दर्ता स्रेस्ता कायम रहेको कित्ता नं ३०, क्षेत्रफल २१० व.मि. र श्री कवी कामीको नाममा दर्ता स्रेस्ता कायम रहेको कित्ता नं. २९, क्षेत्रफल ३६६ व.मी को जग्गा २ नं. वडा कार्यालयको नाममा नामसारीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्व सम्म्तले पारीत गरियो।

१०) प्रस्ताव नं १० माथि छलफल गर्दा ढकारी गाउँपालिका वडा नं ८ पल्साता स्थायी ठेगाना भएका श्री इश्वरा खड्का र सरस्वती खड्काको वलात्कार पछी हत्या गरीएको घटनाका पिडित परिवारलाइ प्रति परिवार रु २५००० का दरले जम्मा रु ५०००० हजार रकम विपद कोषबाट खर्च लेख्ने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व सम्मतले पारित गरियो।